जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १४ २०७७ साल साउन १६ गते शुक्रबार (31 July 2020 Friday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोनाको कहरले खोस्यो ... ३ पृष्ठमा : बीमासम्बन्धी कानूनर्लाइ.. ३ पृष्ठमा : कोरोना भाइरसबाट मृत्यु...

# सरकारले क्षमताले भ्याएसम्म काम गरिरहेको छ : नेता प्याकुरेल

**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

नेकपाका केन्द्रिय सदस्य सुमनराज प्याकुरेलले अहिलेको यस संकटको अवस्थामा पनि सरकारले क्षमताले भ्याएसम्म काम गरिरहेको दाबी गरेका छन् ।

राजविराजमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले सो दाबी गर्दै सामर्थले भ्याएसम्म सरकारले कोरोना तथा बाढी लगायतका प्रकोप नियन्त्रणमा काम गरिरहेको बताए ।

राष्ट्रिय सभा सदस्य समेत रहेका नेता प्याकुरेलले वर्तमान सरकार ढाल्ने काम भए मुलुक गम्भिर समस्यामा फस्ने बताउँदै सरकार ढले विकास निर्माणका काम पनि अवरुद्ध हुने तथा यस्ता कामले देश र जनताका लागि नै घातक हुने जिकिर समेत गरे ।



स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधी लगायतबाट कोरोना तथा प्रकोप बिरुद्ध भइरहेको कामको सकारात्मक सम्प्रेषणका लागि संचारकर्मीहरुसँग उनले आग्रह गरे । अग्रपंक्तिमा रहेर काम गर्दै आएका सबैको मनोबल बढाउने काममा संचारक्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताउँदै सरकारद्वारा भएका कामलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याउन आग्रह समेत गरे ।

केही स्थानिय तहहरुले विपद्का बेला केन्द्रबाट बजेट नपाएको भनी गुनासो आइरहेको बारे नेता प्याकुरेलले सरकारले बजेट नदिएको भए अहिलेसम्म भइरहेका काम कसरी भइरहेका छन् भन्ने प्रतिउत्तर दिए ।

# जलेश्वर नगरपालिका अनिश्चितकालका लागि बन्द

**दैनिक समाचारदाता**
**महोत्तरी, १५ साउन ।**

कोरोना भाइरसको सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि भन्दै महोत्तरीको जलेश्वर नगरपालिका बिहीबारदेखि अनिश्चितकालका लागि बन्द भएको छ ।

प्रमुख प्रशासकीय अधिकृत रामुराज कडरियाले बिहीबर एक सूचना प्रकाशित गर्दै कोरोना भाइरसको सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि बिहीबारबाट अर्को सूचना नहुञ्जेलसम्मका लागि जलेश्वर नगरपालिका बन्द गरिएको जनाइएको छ ।

जारि सूचनामा अति आवश्यक कामबाहेक जलेश्वर नगरपालिकाको सम्पूर्ण कामकाज अनिश्चितका लागि बन्द रहने उल्लेख छ । साथै विश्वभरि महामारीका रूपमा फैलिएको कोरोनाको उच्च जोखिममा रहेका जलेश्वर नगरवासीलाई सतर्कता अपनाइ नगरपालिकालाई सहयोग गर्न अपिलसमेत गरिएको छ ।




# छिमेकीबाट व्यावसायिक फाइदा लिएर मात्र मुलुक बनाउन सकिन्छ : पूर्वप्रधानमन्त्री डा. भट्टराई

लहान, १५ साउन (रासस) ।

पूर्वप्रधानमन्त्री तथा जनता समाजवादी पार्टीका वरिष्ठ नेता डा बाबुराम भट्टराईले छिमेकी मुलुकबाट व्यावसायिक फाइदा लिएर मात्र मुलुकलाई समृद्ध बनाउन सकिने बताउनुभएको छ ।

सिरहाको गोलबजार नगरपालिका-८ चोहर्वामा बिहीबार आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै डा भट्टराईले छिमेकी तथा मित्रराष्ट्रलाई चिड्याएर मुलुक समृद्ध बन्न नसक्ने बताउनुभयो । भारतसँग पछिल्लो समय देखिएको सीमा विवादलाई वार्ता र संवादका माध्यमबाट समाधान गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले छिमेकीलाई चिड्याएर होइन, उनीहरुसँग मित्रवत व्यवहार देखाउनुपर्ने बताउनुभयो ।

जनता समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले छिमेकी तथा मित्रराष्ट्रको विषयमा सधैँ चिड्याउने ढङ्गले उटपट्याङ बोल्ने गरेकाले परराष्ट्र सम्बन्ध नै बिग्रिन थालेको आरोप लगाउनुभयो । पूर्वसञ्चारमन्त्री राजकिशोर यादव, प्रदेश नं २ का आर्थिक मामिला तथा कानूनमन्त्री विजयकुमार यादव लगायतले छिमेकी देशसँगको सम्बन्धलाई सहज बनाउनुपर्नेमा जोड दिनुभयो । विभिन्न पार्टी परित्याग गरेका नेता कार्यकर्तालाई पूर्वप्रधानमन्त्री डा भट्टराई, अध्यक्ष यादव लगायतले पार्टी प्रवेश गराउनुभयो ।

# उपत्यका प्रवेशमा रोक

काठमाडौँ, १५ साउन (रासस) ।

गृह मन्त्रालयले कोभिड-१९ को जोखिम बढेको भन्दै रातिको समयमा उपत्यका प्रवेशमा रोक जगाएको छ । जोखिम बढेकाले दिउँसोको समयमा समेत बिहीबारदेखि उपत्यका प्रवेशमा कडाइ गरेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले बिहीबार एक विज्ञप्ति जारी गरी साँझ ७ बजेदेखि बिहान ७ बजेसम्म अत्यावश्यक र ढुवानीका सवारीबाहेक आवागमन पूर्ण रोक लगाउन प्रशासन कार्यालयलाई विशेष निर्देशन जारी गरेको छ ।

मन्त्रालयद्वारा जारी विज्ञप्तिमा मुलुकका विभिन्न जिल्लाबाट उपत्यका आउने यात्रुको प्रवेश नाकामा परीक्षण गर्दा कोभिड-१९ को सङ्क्रमण देखिएकाले कडाइ गर्न निर्देशन दिएको उल्लेख छ । यस्तै काठमाडौँ उपत्यकाबाहेकका जिल्ला प्रशासन कार्यालयलाई निर्देशन जारी गर्दै मन्त्रालयले अत्यावश्यक काममा बाहेक अन्तर जिल्ला सवारी आवागमनका लागि पास जारी नगर्नसमेत भनेको छ । बिहीबार ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई उक्त निर्देशन जारी गरिएको मन्त्रालयले जनाएको छ ।

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्फनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · prabhu Money Transfer · CITY EXPRESS · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

# अझै पूर्णता पाएन नेविसंघले

काठमाडौँ, १५ साउन (रासस)।

नेपाली काँग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)को तदर्थ समितिले छ महिना बितिसक्दा पनि पूर्णता पाउन सकेको छैन। विस २०७६ फागुन १ गते बसेको पार्टीको केन्द्रीय समितिको बैठकले छ महिनाभित्र नेविसङ्घको १२ औँ महाधिवेशन सम्पन्न गर्ने गरी राजीव ढुङ्गानाको अध्यक्षतामा तदर्थ समिति गठन गरेको थियो।

विसं २०७३ साउनमा सम्पन्न सङ्घको ११ औँ महाधिवेशनबाट निर्वाचित अध्यक्ष नैनसिंह महरले १२ औँ निर्वाचन गर्न नसकेपछि विसं २०७५ माघमा राजीनामा दिनुभएको थियो। उहाँको राजिनामासँगै सङ्घको विधानअनुसार ३२ वर्ष कम उमेरको व्यक्तिलाई अध्यक्ष बनाउने अथवा बढी उमेरकालाई बनाउने भन्ने विवाद जारी रहेको रह्यो। करिव १३ महिनापछि ३२ वर्ष बढी उमेरका ढुङ्गानाको अध्यक्षतामा नेविसङ्घ गठन भएको थियो।

समितिमा हाल अध्यक्ष ढुङ्गाना, उपाध्यक्ष तुलसा पन्त र मुक्ति पौडेल, महामन्त्री दीपक भट्टराई, उर्मिला थपलिया, प्रभात दाहाल, मनोज वैद्य, महेश्वरी कुँवर, बलदेव तिमिल्सेना र युवराज पाण्डे हुनुहुन्छ। सङ्घका पूर्व केन्द्रीय सदस्य लीलावल्लभ दाहाल 'काका' ले पार्टी नेतृत्व भ्रातृ संस्थाको समयमा अधिवेशन गरेर पार्टी चलायमान बनाउनुको साटो आन्तरिक झगडा र गुठगत भेलामा लागेको आरोप लगाउनुहुन्छ।

सङ्घको ११ औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिले समयमा अधिवेशन गर्न नसक्दा अहिलेको अवस्था आएको उहाँको भनाइ छ। "पार्टीले विद्यार्थी हक र हितमा खट्ने इमान्दार विद्यार्थीलाई समावेश गरेर तत्काल तदर्थ समिति गठन गर्नुपर्छ", उहाँ भन्नुहुन्छ। सङ्घका पूर्व कोषाध्यक्ष शिव रिमाल मुलुकको लोकतन्त्र र शिक्षाका लागि लडेको विद्यार्थी सङ्गठन यो अवस्थामा आउनु दुःखद् भएको जानकारी दिनुहुन्छ। बाँकी कार्यसमिति तत्काल मनोनीत गरेर १२ औँ महाधिवेशनमा जानुपर्ने उहाँको भनाई छ।

***बाँकी अन्तिम पृष्ठमा***


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

**(बी.एच.एम.एस)**

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# कोरोनाको कहरले खोस्यो मिथिलामा राखीको रौनक

महोत्तरी, १५ साउन (रासस)।

साउन शुक्लपक्ष शुरु हुनासाथै महोत्तरीसहितका मिथिला क्षेत्रमा बढ्ने राखी (रक्षाबन्धन) पर्वको चहलपहल यसपटक भने देखिएको छैन। कोविड-१९ को महाव्याधीको त्रासले अझै राम्ररी सार्वजनिक यातायात सञ्चालनमा आएका छैनन् र यसले गर्दा सीमा क्षेत्रको (नेपाल-भारत) आउजाउ पनि सहज छैन। सिनेमा घरहरू सञ्चालनमा आएका छैनन् भने घरचोकमा पनि राखीको रौनक देखिएको छैन। त्यसैले पनि आगामी सोमबार पर्ने राखी पर्वको चहलपहलमा यहाँ कमी आएको हो।

मिथिलामा साउन पूर्णिका दिन मनाइने यो पर्वको तयारी साउन शुक्लपक्ष लाग्नासाथै शुरु हुन्थ्यो। सिनेमा घरमा लगातार गुञ्जिने 'राखी' पर्व विशेषका गीत, हाटबजार एवं जताततै बढ्ने चहलपहल, बाहिर भएका दाजुभाइ आउने गरेकाले यस समय दिदीबहिनीको चर्चाको विषय पनि यही हुने गर्दथ्यो। त्यसैगरी रङ्गीचङ्गी राखी (विभिन्न रङका धागोमा कलात्मक बनाइएका डोरा) सजाइएका पसलले बढाउने चहलपहल नदेखिएपछि यस वर्षको राखी पर्व मुखैमा आउँदासम्म पनि चाडपर्वको कुनै भान नै नभएको यहाँका सर्वसाधारण बताउँछन्।

"पर्व आउन त अब केही दिन मात्र बाँकी छ", यसअघिका साउन शुक्लपक्षको रमझम सम्झँदै महोत्तरीको भङ्गाहा नगरपालिका-४ रामनगरकी बन्दना साहले भन्नुभयो, "यसपटक न बजारमा चहलपहल, न दाजुभाइ राखी बाँध्न आउने टुङ्गो", यस्तो निरश राखी पर्व पहिलोपटक अनुभूति गरिरहेको २९ वर्षीया बन्दनाको भनाइ छ। मिथिलामा यही आउने सोमबार मनाइने राखी पर्वको यहाँ कुनै चहलपहल नै देखिएको छैन।

मिथिलाका फुटपाथे पसल हुन् या ठूल व्यापारिक प्रतिष्ठान तथा चलचित्र घर सबै ठाउँमा दिदीबहिनी र दाजुभाइबीच गाढा प्रेम दर्शाउने गीतका धुन लगातार बजिरहेपछि तिनैले राखी पर्वको सूचना दिन्थे र रौनक थपिदिन्थे। जताततै पर्वको रमझम र तयारीले सम्पूर्ण मिथिला क्षेत्र नै राखीमय देखिने विगतको सम्झनाले यसपटक दिदीबहिनी र दाजुभाइ दुवैको मन कुडचाएको छ। यतिबेला पर्वको रमझम उत्कर्षमा हुने बेला कोरोनाको त्रासले दाजुभाइसँगको मिलनका गीतका ठाउँमा यसपालि विरहका धुनले मन अमिल्याएको दिदीबहिनी बताउँछन्।

"खै राखीका गीत यस वर्ष कतै पनि गुञ्जिएको सुनिँदैन, दाजुभाइ घर फर्किने कुनै ठेगान नै भएन", भारतको मुम्बइमा काम गरिरहेका दाजु यसपालि पर्वमा आउन नपाउने खबरले भक्कानिएकी बर्दिवास नगरपालिका-९ पशुपतिनगरकी कक्षा-१२ मा अध्ययनरत युवती राधिका महतोले गहभरि आँशु पार्दै प्रश्न गर्नुभयो, "अब कहिले बस चल्छन् र दाजु आउन पाउनु होला ?"

मिथिलामा साउन शुक्लपक्षभरि नै दाजुभाइको सौर्य बखान गरिएका माङ्गलिक गीतको मिठो धुन गुञ्जने परम्परा यसपालि कोरोना त्रासले खोसेको छ। प्रत्येक गाउँनगर बस्तीका हाटबजारमा रङ्गीचङ्गी रक्षाबन्धन (साउन शुक्ल पूर्णिमाका दिन दिदीबहिनीले दाजुभाइलाई हातमा बाँधिदिने कलात्मक ढङ्गले बनाइएको धागोको डोरा) छान्न निस्कने दिदीबहिनीको चहलपहल पनि यसपालि खासै देखिँदैन। साउन शुक्लपक्ष लाग्नासाथ किशोरी र नवयौवना सखी-सहेलीको राखी तयारीको भेटघाट र चहलपहल खासै नदेखिएपछि पर्व आएको छनक नै नपाइएको आम मैथिल नागरिकहरू बताउँछन्।

"दाजुभाइ को-कता छन्, उनीहरूको खोजी गर्नु र आफ्ना दाजुभाइका नाडीमा सुहाउने राखी खोज्नु पर्व विशेषमा अहिलेको तयारी हुनपर्ने हो", महोत्तरीकै भङ्गाहा नगरपालिका-५ माइती आएकी हरिप्रिया महतोले भन्नुभयो, "नजिक घर (छिमेकको धनुषा जिल्लामा पर्ने गाउँ) थियो र म त माइत आएँ, भारत कमाउन गएका दाजु आउनु भएन, दाजुसँग फोनमा कुरा गरेर नै यसपालि चित्त बुझाउनुपर्ने भयो।" महामारीको व्याधिले काममा टाढा गएका दाजुभाइसँग यस वर्ष पर्वमा भेट नहुने भएपछि फोनमै कुरा गरेर चित्त बुझाउनु परेको धेरैजसो दिदीबहिनीको गुनासो छ। यद्यपि नजिक घर भएका विवाहित चेलीहरू घर वरपर नै रहेका माइतीगाउँ नजिकका दाजुभाइलाई सम्झेर राखीको निम्ता भने दिँदैछन्।

मिथिलामा दिदीबहिनीले दाजुभाइलाई राखी बाँध्न आउने निम्ता दिने चलन छ। विवाहित दिदीबहिनीले आफ्नो र दाजुभाइको अनुकूलताअनुसार माइती पुग्ने वा आफ्नै घरमा चाड मनाउने टुङ्गो गर्छन्। अविवाहित दिदीबहिनी र दाजुभाइको भने सँगै घर भएपछि यो समस्या रहँदैन।

मिथिला क्षेत्रमा दाजुभाइ तथा दिदीबहिनीबीच प्रेम, समर्पण र आपसी सम्बन्ध कहिल्यै नटुट्ने प्रतिबद्धता जनाइने यो पर्व यस क्षेत्रको ठूलो सांस्कृतिक पर्व रहेको मिथिला लोकसंस्कृतिका ज्ञाता बताउँछन्। चेलीहरू राखी बाँधी दिएपछि दाजुभाइलाई ख्वाइने मिष्ठान्न परिकारबारे पहिलेदेखि नै योजना बनाउने गर्छन्। यसैगरी दाजुभाइ पनि पर्वमा दिदीबहिनीसँग राखी बाँध्ने प्रयोजनका लागि केही दिन पहिलेदेखि नै आ-आफ्नो कामबाट समय मिलाउने गर्छन्।

कोरोना त्रासले घरबाट टाढा या विदेशमा रहेका दाजुभाइ दिदीबहिनीबीच यसपाली भेट हुने सम्भावना कम भएको छ। यद्यपि पछिल्लो चरणमा बन्दाबन्दी हटेपछि भने नजिक रहेका दिदीबहिनी र दाजुभाइ भेटको सानो अवसर जुटेको देखिन्छ। तर पनि कोरोना भाइरसको प्रकोप प्रदेश नं २ मा पछिल्लो समयमा झन् बढ्दै गएकोले ढुक्कसँग हिँडडुल गर्न भने पाइएको छैन। पर्व नजिकिँदै गर्दा राखीको कारोवार गर्ने व्यापारीहरूको गुनासो पनि बढ्दो नै छ। सार्वजनिक यातायात सञ्चालन नहुनु र गाउँ समाजमा कोरोना सङ्क्रमणको त्रास कायम नै रहनुले यसपालि राखीको कारोवारमा पनि मन्दी छाएको यहाँका स्थानीय व्यापारी बताउँछन्।

अघि सत्ययुगमा तीनैलोक (स्वर्ग, मर्त्य र पाताल) को अधिपति रहेका दानवराज बलिलाई उनका बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै हातमा रक्षा बन्धन (रक्षाकवच) बाँधिदिएका र सो युद्धमा बलिको जित भएको सम्झनामा प्रत्येक वर्षको साउन पूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधिदिने परम्परा बसेको मिथिला क्षेत्रमा जनविश्वास छ। पर्व विशेषमा यसअघि केही मनमुटाव रहे भए पनि दिदीबहिनीले निम्ता गरेपछि दाजुभाइ राखी बाँध्न पुग्ने गर्नुले चेलीहरू र माइती पक्षबीच सम्बन्ध सुधारमा समेत पर्वको विशिष्ठ भूमिका हुने गरेको महोत्तरीको मटिहानीस्थित याज्ञबल्क्य लक्ष्मीनारायण विद्यापिठका मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा बताउनुहुन्छ।

पर्व विशेषमा दिदीबहिनी नहुने पुरुष र दाजुभाइ नहुने मिथिलानीहरूले नजिकका नाता खोजेर राखी बाँध्ने, बँधाउने परम्पराले यो सांस्कृतिक पर्वको महत्व झनै बढेको आम मिथिलावासी बताउँछन्। पर्वमा दाजुभाइ भेट हुन नसक्ने टुङ्गो भएपछि आफ्ना दाजुभाइलाई खाममा राखी राखेर हुलाकमार्फत पठाउने पुरानो चलन अझै देखिँदैछ। यसपाली कोरोना भाइरसको त्रासले यसमा अझ वृद्धि भएको यहाँका चेली बताउँछन्। पर्वमा दिदीबहिनीले राखी बाँधिदिएर मिष्ठान्न परिकार खान दिएपछि दाजुभाइले वस्त्र आभूषण र नगद दक्षिणास्वरुप चेलीलाई दिने मैथिल परम्परा छ।

पर्वमा ब्राह्मण पुरोहितले शास्त्रोक्त बिधिबाट अभिमन्त्रित डोरा यजमानलाई बाँधिदिने परम्परा भए पनि मिथिलाको मुख्य आकर्षण भने दिदीबहिनी र दाजुभाइबीचकै हो। विगतमा मिथिला क्षेत्रका रैथाने बासिन्दामा मात्र प्रचलनमा रहेको यो पर्व आपसी सांस्कृतिक घुलमिलले अब हिन्दू धर्मावलम्बी पर्वते समुदाय मात्र नभई इस्लाम धर्मावलम्बीभित्र पनि बाक्लै प्रचलनमा आएको छ। पर्वते समुदायका चेली र इस्लाम धर्मावलम्बी दिदीबहिनी पनि आफूले दाजुभाइ मानेकाहरूलाई राखी बाँधिदिने गर्छन्।

पछिल्ला दिनहरूमा पर्व हिन्दू धर्मावलम्बीको भएपनि समाजमा हुने देखासिकी र आकर्षणले महोत्तरी जिल्लाका ईस्लाम धर्मावलम्बी युवाले हिन्दू महिलालाई दिदीबहिनी बनाएर र ईस्लाम धर्मावलम्वी चेलीहरूले हिन्दू युवालाई दाजुभाइ बनाएर राखी बाँध्ने प्रचलन पनि बढ्दै गएको देखिएको छ। यसले पनि यो पर्व मिथिला क्षेत्रको साझापर्व बनेको देखिन्छ। विगत वर्षका झैँ यसपाली महामारीको त्रासले खुला वातावरण नभए पनि नजिक रहेका चेली र दाजुभाइले भने पर्वको तयारी अघि बढाएका छन्।

मिथिला लोक संस्कृतिको अभिन्न अङ्ग बनेको राखीमात्र होइन यसपालि कोभिड-१९ महामारीको त्रासले थुप्रै चाडपर्व खुम्चिएर मनाउनुपरेको छ। एक साता पहिले मात्र नवविवाहिता मिथिलानी (मिथिलाका नारी) ले कोभिड-१९ को महाव्याधिभित्रै १३ दिने पर्व सम्पन्न गरे। त्यसैगरी उल्लासका साथ मनाइने बुद्ध पूर्णिमा, जुडशितल र साउने सङ्क्रान्तिलगायतका हिन्दू बौद्ध परम्पराका पर्व मात्र नभएर इस्लाम धर्मावलम्बीले पनि आफ्नो एकमहिने रमजान रोजा (व्रत) र ईदपर्व यसै त्रासबीच घरघरै नमाज पढेर मनाएका थिए।

भारतसँग खुला सीमा भएको हुँदा मिथिला भूभाग पर्ने प्रदेश नं २ भित्रका सबै जिल्ला कोभिड सङ्क्रमणको उच्च जोखिममा नै देखिएका छन्। महोत्तरीमा नै पिसीआर परीक्षणबाट सङ्क्रमण पुष्टि हुनेको सङ्ख्या बुधबार साँझसम्म ८५९ छ। जसमध्ये १३ बुधबार नै थपिएका हुन्। पछिल्लोपटक नेपाली सेनाको परिकोलीस्थित रणभीम गणका १० तथा जलेश्वरस्थित एक माध्यमिक विद्यालयका प्रधानाध्यापकसहित १३ जनामा सङ्क्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ। बन्दाबन्दी हटे पनि कोरोना भाइरस सङ्क्रमण कायम नै रहेको हुँदा चाडपर्व पनि भीडभाडमा नगई संयमसाथ मनाउन चिकित्सक र स्वास्थ्यकर्मीको सुझाव छ।

# नेपालका पश्चिम क्षेत्रमा बढी वर्षा, २४ घण्टामा ११ को मृत्यु

काठमाडौँ, १५ साउन (रासस)।

केही दिनदेखि मनसुसन सक्रिय भएर धेरै स्थानमा मौसम बदली भई केही ठाउँमा भारी वर्षा भएको छ। पछिल्लो २४ घण्टामा मुलुकका विभिन्न १३ स्थानमा पहिरो गएको र १० स्थानमा अविरल वर्षा भएको छ।

मनसुनजन्य विपद्मा परेर पछिल्लो २४ घण्टामा ११ को मृत्यु भएको, छ बेपत्ता रहेका तथा १२ घाइते भएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। केही दिनदेखि मनसुन नेपालको पश्चिम जिल्लामा सक्रिय छ। कालीकोट, बाजुरा, कैलाली, बर्दियालगायत

***बाँकी तीन पृष्ठमा***

# बीमासम्बन्धी कानूनलाई व्यवस्थित गरिँदै

काठमाडौँ, १५ साउन (रासस)।

बीमासम्बन्धी कानूनलाई व्यवस्थित गर्न प्रतिनिधिसभाको अर्थ समितिका सदस्यहरू अहिले पनि सक्रिय रहेका छन्। कोभिड-१९ को जोखिमका बीच भौतिक दूरी कायम राखेर समितिले दफावार छलफल चलाइरहेको छ। 'बीमा समिति'लाई हटाएर 'बीमा प्राधिकरण' बनाउने योजनाका साथ संसद्मा दर्ता भएको विधेयकमाथि सांसदहरूले सरोकारवालालाई समेत बोलाएर राय व्यक्त गरिरहेका छन्।

बीमा व्यवसायलाई चुस्त, प्रतिस्पर्धी, नियमन र सुपरीवेक्षणको व्यवस्थालाई आधुनिकीकरण र वैज्ञानिक बनाउन बीमासम्बन्धी कानूनको विधेयक संसद्मा दर्ता भएको हो। 'बीमासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५' मा बीमा समितिलाई खारेज गरेर बीमा प्राधिकरणको प्रस्ताव गरिएको छ। प्राधिकरणलाई नियन्त्रणमा नराखी स्वायत्त पार्ने कुरामा सांसदहरूको जोड छ। परिच्छेद-२ को दफा ३ मा प्राधिकरणको स्थापनाको व्यवस्था गरिएको छ र यो नियमनकारी निकाय हुनेछ।

प्रस्तावित विधेयकमा प्राधिकरणले काम गर्दा कतिपय प्रावधानमाथि सांसदहरूले फरक मत राखेका छन्। पूर्वप्रधानमन्त्री तथा अर्थमन्त्री डा बाबुराम भट्टराई प्राधिकरणलाई स्वायत्त नै बनाउनुपर्नेमा जोड दिनुहुन्छ। हाल बीमा ऐन, २०४९ कार्यान्वयनमा छ। त्यसलाई समयानुकूल बनाउन आवश्यक भएकाले विधेयक ल्याइएको छ। यसको मुख्य उद्देश्य संस्थागत सुशासन र जोखिम व्यवस्थापन नै हो। बीमा क्षेत्रको नियामक निकायलाई प्रभावकारी बनाउन पनि बीमासम्बन्धी कानूनलाई संशोधन गर्नु जरुरी छ।

विधेयकको परिच्छेद-२ को दफा ५ मा प्राधिकरण नेपाल सरकारको सल्लाहकारका रूपमा काम गर्ने गरी प्रस्ताव गरिएको छ। बीमा कम्पनीहरू स्थापनाको स्वीकृति, नवीकरण, खारेजी, नियमन र सुपरीवेक्षणको काम प्राधिकरणको हुनेछ। डा भट्टराई अहिको आवश्यकतानुसारको विधि व्यवस्थापन गर्न प्राधिकरण ल्याउन खोज्नु महत्वपूर्ण भएको बताउनुहुन्छ। यद्यपि दफा ५ मा सरकारको सल्लाहकार मात्रै बनाइएकाले त्यसलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा उहाँको जोड छ। उहाँले दफा ७ को २ मा सञ्चालक समिति अध्यक्ष तथा सदस्य नियुक्तिमा खुला प्रतिस्पर्धाको व्यवस्था गर्न सके थप क्षमतावान व्यक्ति आउनेतर्फ समितिको ध्यानाकर्षण गराउनुभयो।

हिजोको सार्वजनिक संस्थानको नियुक्त, गठन, अधिकार र कर्तव्यको विषयमा केही सुधार भए पनि गुणात्मक परिवर्तन हुन नसकेकोतर्फ जोड दिँदै सांसदहरूले कानून बनाउँदै गरेको अवस्थामा विशेष ध्यान राख्नुपर्ने बताउनुभएको छ। अर्थमन्त्री डा युवराज खतिवडाबाट विसं २०७५ असारमा प्रतिनिधिसभामा प्रस्तुत भएको उक्त विधेयक दर्ता भएको बिहीबर दुई वर्ष बितिसकेको छ। यसको प्रस्तावनामा नै बीमा प्रणाली वा व्यवसायलाई व्यवस्थित, नियमित र प्रतिस्पर्धी बनाई गुणस्तरीय बीमा सेवा उपलब्ध गराउने उल्लेख छ।

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले बीमा क्षेत्रमा धेरै बदमासी भएका र कतिपय अवस्थामा आफैँले सङ्कट उत्पन्न गराएको अवस्था रहेकाले नियमनको व्यवस्थालाई ठोसरूपमा राख्नुपर्ने अर्थ समितिको दफावार छलफलका क्रममा सुझाव प्रस्तुत गर्नुभयो।

कतिपय क्षेत्रलाई नसमेटेको भन्ने प्रश्नमा अर्थसचिव शिशिरकुमार ढुङ्गानाले स्वास्थ्यसम्बन्धीको विषय सम्बोधनका लागि आवश्यक तयारी गरिसकेको जानकारी दिनुभयो। सांसदहरूले उठाएको विषयलाई समेटेर ल्याउने प्रतिबद्धता जनाउँदै उहाँले स्वास्थ्य बीमाको 'मोडालिटी'समेत तयार भइसकेको जानकारी दिनुभयो।

समितिका सभापति कृष्णप्रसाद दाहाल बीमा व्यवसाय हतोत्साही नहोस् भन्नेमा सचेत हुनुपर्ने बताउनुहुन्छ। उहाँले बीमा क्षेत्रलाई व्यवस्थित गराउने र नियमनलाई पनि चुस्त बनाउने गरी विधेयक पारित गर्नेतर्फ समिति अघि बढेको जानकारी दिनुभयो। बीमा र पूँजी बजार पनि बैंकिङ क्षेत्रजस्तै महत्वपूर्ण भएकाले त्यहीअनुसार ध्यान दिनुपर्नेमा सांसदहरूको मत छ। दफावार छलफल अझै केही दिन जारी रहनेछ।

## नेपालका पश्चिम ...

जिल्लामा विपद्जन्य घटना भएका र कालीकोटमा भने बढी क्षति भएको प्राधिकरणले जनाएको छ। कालीकोटको नरहरिनाथ गाउँपालिका-४ माझगोठीस्थित एक घरमा पहिरो खस्दा दुई जनाको मृत्यु भएको छ।

सोही गाउँपालिका-७ स्थित घरमा पहिलो खस्दा अन्य सात ले ज्यान गुमाएका र महावै गाउँपालिका-७ कोडवाडामा माथिबाट ढुङ्गा खसेर घर थिच्दा दुई बालबालिकाको ज्यान गएको प्राधिकरणले बिहीबर एक सूचना जारी गरी जनाएको छ।

कालीकोटका विभिन्न स्थानमा पाँच जना हराइरहेकाले सेना र प्रहरी टोलीले उद्धार जारी राखेको सहायक प्रमुख जिल्ला अधिकारी युवराज गुरागाईंले जानकारी दिनुभयो। उहाँका अनुसार उद्धारका लागि बुधबारदेखि नै सेनाको हेलिकोप्टर आउने प्रयास गरे पनि मौसम बिग्रेकाले सफल हुनसकेको छैन।

बाजुराको बूढीगङ्गा नगरपालिका-१ अमकोटमा गोठालो गएका एक व्यक्ति पहिरामा परेर बेपत्ता भएका छन्। कैलाली र बर्दियामा समेत बाढी र पहिराले केही मानिस घाइते भएका र बाढी पसेर दुई हजार कुखुरा तथा खोर नष्ट भएको जनाएको छ। मौसमविद् प्रतिभा मानन्धरले मनसुन न्यून चापीय रेखा नेपाल नजिक आएकाले केही दिनदेखि मनसुन सक्रिय रहेको र बढी पश्चिम क्षेत्रमा पानी परेको जानकारी दिनुभयो।

काठमाडौँमा राम्रो वर्षा नभए पनि विभिन्न स्थानमा वर्षा भइरहेको छ। यसअघि न्यूनचापीय रेखा नेपालको नजिक थियो। अहिले बढी पूर्वी क्षेत्र नजिक छ। यसअघि पश्चिम क्षेत्रमा बढी मनसुन सक्रिय हुँदा केही ठाउँमा भारी वर्षा भएको छ। धनगढीमा मात्रै १६७ मिलीमिटर वर्षा मापन गरिएको छ। त्यसपछि पूर्वी भागमा वर्षा भएको र मध्य भागमा भने केही कम वर्षा भएको छ। बिहीबर धनगढीमा १९८ मिलीमिटर वर्षा मापन गरिएको छ। विराटनगरमा ३३ दशमलव आठ, ताप्लेजुङमा १९ र सिमरामा १७ मिलीमिटर वर्षा मापन गरिएको मौसम विज्ञान विभागले जनाएको छ।

बिहीबार भने न्यूनचापीय रेखा नेपालको पूर्व नजिक रहेकाले मनसुन पूर्व र मध्य भागमा बढी सक्रिय हुने देखिएको मौसमविद् मानन्धरले बताउनुभयो। धेरैजसो स्थानमा मौसम बदली भए पनि भारी वर्षा भने एक/दुई स्थानमा मात्रै हुने सम्भावना रहेको छ। प्रदेश नं १, २, वाग्मती, गण्डकी प्रदेशका केही क्षेत्रमा बिहीबर बढी पानी पर्ने बताइएको छ। शुक्रबार भने प्रदेश नं ५ र सुदूरपश्चिम प्रदेशमा बढी मनसुन सक्रिय हुने जनाइएको छ। अन्य प्रदेशमा पनि मौसम बदली भई केही स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाइएको छ।

# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# विश्व समाचार

## कोरोना भाइरसबाट मृत्यु हुनेको ६ लाख ७० हजार नाघ्यो

जेनेभा, स्वीट्जरल्याण्ड, १५ साउन (रासस/एएफपी)।

विश्वमा कोरोना भाइरस सङ्क्रमणको कारण छ लाख ७० हजार ५४८ व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले बिहीबार जानकारी दिएको छ।

सो सङ्गठनका अनुसार बिहीबारसम्म विश्वभरीमा एक करोड ७२ लाख तीन हजार ९७३ जना व्यक्ति कोरोना सङ्क्रमित भएका छन्।

सङ्क्रमितमध्ये हालसम्म एक करोड सात लाख १९ हजार १०४ व्यक्ति कोरोना मुक्त भएका छन्। विश्वभरमा ५८ लाख १४ हजार ३२१ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरूको उपचार भइरहेको छ। सङ्क्रमितमध्ये ६६ हजार ३९६ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान सहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट सुरु भएको कोरोना भाइरस सङ्क्रमणका कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ।

डब्लूएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र ४५ लाख ६८ हजार ३७५ जना कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख ५३ हजार ८४५ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा ३९ लाख ५२ हजार ४४० जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ एक लाख ३९ हजार ७८१ जनाको मृत्यु भएको छ।

उत्तर अमेरिकामा ५३ लाख ६० हजार २०० जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ दुई लाख २६ हजार ८३ जनाको मृत्यु भएको छ।

युरोपमा २८ लाख ४० हजार ३४३ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने दुई लाख दुई हजार ३४६ को मृत्यु भएको छ।

एशियामा ४१ लाख ३७ हजार ४० जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ९४ हजार १९४ जनाको मृत्यु भएको छ।

अफ्रिकामा आठ लाख ९५ हजार १५७ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १८ हजार ९०८ जनाको मृत्यु भएको छ।

ओसियानामा १८ हजार ३२ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २१३ जनाको मृत्यु भएको छ।

## भारतमा कोभिड-१९ सङ्क्रमितको संख्या १५ लाख ८३ हजार नाघ्यो

नयाँ दिल्ली, १५ साउन (रासस/एएनआइ)।

भारतमा 'कोभिड १९' सङ्क्रमितको संख्या १५ लाख ८३ हजार नाघेको छ।

गत २४ घण्टामा भारतका ५२ हजार १२३ मा कोरोना भाइरस पोजेटिभ देखिएपछि कुल सङ्क्रमितको संख्या १५ लाख ८३ हजार ७९२ पुगेको त्यहाँको केद्रिय स्वास्थ्य मन्त्रालयले बिहीबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणका कारण ७७५ जनाको मृत्यु भएपछि कुल मृतकको संख्या ३४ हजार ९६८ जना पुगेको छ।

सरकारी अधिकारीका भारतमा कोरोना भाइरस सङ्क्रमितमध्ये १० लाख २० हजार ५२८ व्यक्ति निको भएर फर्किएका छन्। हाल भारतमा पाँच लाख २८ हजार २४२ जना कोरोना भाइरस सङ्क्रमित अवस्थामा रहेका छन्।

भारतको महाराष्ट्र सबभन्दा प्रभावित बढी कोरोना भाइरस सङ्क्रमण राज्यका रुपमा रहेको छ। महाराष्ट्रमा बुधबार एकै दिनमा नौ हजार २११ व्यक्ति थप सङ्क्रमित भएका छन् भने एकै दिनमा २९८ जनाको मृत्यु भएको छ।

महाराष्टमा कुल चार लाख ६५१ जना सङ्क्रमित अवस्थामा रहेका छन् भने दुई लाख ७५५ जना निको भएर घर फर्किएका छन्। हाल महाराष्ट्रमा एक लाख ४६ हजार १२९ जना सङ्क्रमित अवस्थामा नै रुहेका छन् भने। कोरोना सङ्क्रमणको कारण हालसम्म १४ हजार ४६३ व्यक्तिको मृत्यु भइसकेको छ।

कोरोना भाइरस प्रभावित भारतको दोस्रो राज्य तमिलनाडूमा दुई लाख ३४ हजार ११४ जनामा सङ्क्रमण भएको छ र राजधानी शहरसमेत रहेको दिल्ली राज्यमा एक लाख ३२ हजार २७५ जना सङ्क्रमण भएको छ।

## कोभिड-१९ को असर:एयरबस र शेल कम्पनीमा अर्बौं डलर नोक्सानी

पेरिस, १५ साउन (रासस/एएफपी)।

युरोपेली हवाई जहाज निर्माता एयरबस कम्पनीले पहिलो छ महिनामा करिब दुई अर्ब २० करोड अमेरिकी डलर खुद नोक्सानी व्यहोर्नु परेको जनाएको छ।

कोरोनाभाइरस महामारीका कारण बिमान बिक्री दुई गुणाले कमी आएपछि कम्पनी घाटामा गएको हो।

एयरबसले यस वर्षको पहिलो छ महिनामा करिब १२ अर्ब ४० करोड युरो बराबरको सम्पत्ति प्रयोग गरेको पनि जनाएको छ।

कम्पनीले जारी गरेको वक्तव्यमा कम्पनीले अबलम्बन गरेका नयाँ उपायका कारण यस वर्षको बाँकी छ महिनाको अवधिमा नोक्सानीमा कमी आउने विश्वास लिइएको उल्लेख छ।

यसैबीच, ऊर्जा क्षेत्रको विशाल कम्पनी रोयल डच शेलको पनि यस वर्षको दोस्रो त्रैमासिक अवधिमा करिब १८ अर्ब डलर खुद नोक्सानी भएको कम्पनीले जनाएको छ।

अघिल्लो वर्ष कर भुक्तानीपछि करिब तीन अर्ब डलर नाफा कमाएको शेलले कोरोनाभाइरसका कारण तेलको मूल्यमा आएका उतारचढाबपछि ठूलो नोक्सानी भएको कम्पनीले जनाएको छ।

# एकतोला सुनको मूल्य ९९ हजार !

काठमाडौँ, १५ साउन (रासस)।

कोभिड-१९ को महामारीका कारण अन्तर्राष्ट्रिय बजारमा अस्थिर रहेको सुनचाँदीको मूल्य स्थानीय बजारमा बिहीबार पनि रूपमा बढेको छ।

बुधबार प्रतितोला रु ९८ हजार ५०० मा कारोवार भएको पहेँलो धातुमा बिहीबार रु ५०० ले वृद्धि भएको छ। बिहीबार बजार खुल्नेबित्तिकै छापावाल सुनको मूल्य प्रतितोला रु ९९ हजार कायम भएको छ भने सोही परिमाणको तेजाबी सुनको मूल्य रु ९८ हजार ५६० निर्धारण गरिएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबारको तुलनामा बिहीबार चाँदीको मूल्य रु २० ले घटेको छ। एकतोला सेतो धातुको मूल्य बिहीबार रु एक हजार २२५ निर्धारण भएको छ। कोभिड-१९ को सङ्क्रमण रोक्न बन्दाबन्दी लागू गरिएयता जेठ २५ गते एक तोला सुनको मूल्य १० हजार ४०० ले बढेर रु ८७ हजार पुगेको थियो। त्यसयता सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ।

अन्तर्राष्ट्रिय बजारमा बिहीबार सुन प्रतिऔँस १९६२.१५ डलर कायम भएको छ। गत आइतबार सोही परिमाणको सुन १९०१.६० मा कारोवार भएको थियो।

# सिरहामा शव फेला

**दैनिक समाचारदाता**
**सिरहा, १५ साउन।**

सिरहा नगरपालिका १० पदमपुरमा बिहीबार बिहान एक जनाको शव फेला परेको छ।

पदमपुरबाट नरैया जाने सडक खण्डको कल्भर्टमा स्थानीयवासी ५१ वर्षीय झगरु मुखियाको शव फेला परेको हो। कल्भर्टमुनि स्थानीयवासीले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

शव परीक्षणका लागि जिल्ला अस्पताल सिरहा ल्याइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

*अझै पूर्णता ...*

सङ्घका अध्यक्ष ढुङ्गाना कोरोना सङ्क्रमणका कारण सरकारले गरेको बन्दाबन्दीले विद्यालय तथा क्याम्पस बन्द हुँदा अधिवेशनका प्रक्रिया अगाडि बढाउन नसकेको बताउनुहुन्छ। सङ्घ पूर्व कार्यसमितिका विभिन्न नेताले उपत्यका तथा जिल्लामा एकलौटी ढङ्गले निर्माण गरेको समिति पार्टीको केन्द्रीय कार्यसमितिले यसअघि नै विघटन गरिसकेको छ। महामन्त्री भट्टराई पार्टीले पूर्ण समिति नल्याएका कारण महाधिवेशन प्रक्रिया अगाडि बढाउन नसकेको हो भन्नुहुन्छ। समितिलाई पूर्णता दिएसँगै सङ्घलाई महाधिवेशन उन्मुख बनाउने उहाँको भनाइ छ।

मुलुकमा भएका विभिन्न राजनीतिक र शैक्षिक आन्दोलनमा अग्र मोर्चामा उभिएर काम गरेको सङ्घको कार्यसमितिले पूर्णता नपाउँदा ठूलो समस्या उत्पन्न भएको छ। विसं २०२७ वैशाख ७ गते पार्टी प्रतिबन्धित अवस्थामा रहेका बेला स्थापना भएको सङ्घमा अहिलेको अवस्थासम्म आइपुग्दा १८ जनाले नेतृत्व सम्हाल्ने मौका प्राप्त गर्नुभयो। पहिलो अध्यक्ष विपिन कोइराला हुनुहुन्थ्यो। स्थापनाकालदेखि हालसम्म आइपुग्दा छ अध्यक्ष निर्वाचित, सात अध्यक्ष तदर्थ र पाँच अध्यक्ष सर्वसम्मत नेतृत्व लिएको पाइन्छ। सङ्घको ५० वर्षको इतिहासमा विसं २०५९ मा तत्कालीन अध्यक्षा विश्वप्रकाश शर्माले समयमा महाधिवेशन गरेर गुरुराज घिमिरेलाई नेतृत्व हस्तान्तरण गर्नुभएको थियो भने अरु अध्यक्षले समयमा अधिवेशन गर्न सक्नुभएको थिएन। विपिन कोइराला, शेरबहादुर देउवा, ज्ञानेन्द्रबहादुर कार्की, बलबहादुर केसी, बालकृष्ण खाँण, धनराज गुरुङ, गोविन्द भट्टराई, विश्वप्रकाश शर्मा, किशोरसिंह राठौर, महेन्द्र शर्मा र रञ्जीत कर्णले सर्वसम्मत तथा महाधिवेशनबाट नेतृत्व हस्तान्तरण गर्नुभएको थियो।

यस्तै विमलेन्द्र निधि, एनपी साउद, गुरु घिमिरे, प्रदीप पौडेल र नैनसिंह महर भने निर्वाचित अध्यक्ष बने पनि महाधिवेशनबाट नेतृत्व हस्तान्तरण गर्न सक्नुभएन। पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले नेविसङ्घको तदर्थ समितिलाई चाँडो पूर्णता दिनेबारे पार्टीभित्र छलफल भइरहेको जानकारी दिनुभयो।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोरानाभाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*